# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
# Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौ, फोन नं. ०१-४५१३८४०, ४५१३७९४

## म्यादी जीवन बीमा सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०७८/०५/२४ गते**

यस संस्थालाई ऋणीहरूले लिएको कर्जा बराबर रकमको र सोही कर्जा रकम बराबर पति/संरक्षक (ऐच्छिक) समेतको म्यादी जीवन बीमा गर्नु पर्ने भएकोले इच्छुक बीमा कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालयमा आइपुग्ने गरी शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

**प्रस्ताव सम्बन्धी शर्तहरू:**

१. शिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको अपरान्ह ५:०० बजेभित्र यस संस्थामा दर्ता गराई सक्नु पर्नेछ।

२. शिलबन्दी बोलपत्र सम्बन्धी फारम पेश गर्दा कम्पनी दर्ता, स्थाई लेखा नम्बर, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा आधिकारिक पत्र सहित पेश गर्नु पर्नेछ।

३. दर्ता भएको बोलपत्र सूचना प्रकाशित मितिले १६ औं दिनको अपरान्ह ४:०० बजे र उक्त दिन विदा परेमा तत्पश्चात कार्यालय खुलेको दिनको अपरान्ह ४:०० बजे संस्थाको केन्द्रीय कार्यालयमा प्रस्तावकको रोहवरमा खोलिनेछ। उक्त समयमा प्रस्तावक उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्र फारम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ। तोकिएको फारममा दररेट रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ।

५. पेश भएको शिलबन्दी बोलपत्र कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।